कावासोती नगरपालिका



# बाल संरक्षण आचार संहिता

**कावासोती नगरपालिका अन्तर्गत सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले यस आचारसंहिताको पालना गर्नु पर्नेछ ।**

## सधै गर्नुपर्ने

- बालबालिकालाई सुन्ने, सम्मान गर्ने, उनीहरूको सशक्तिकरण गर्ने र उनीहरूलाई सम्भवभएसम्म क्रियाकलापको योजना बनाउन र त्यसलाई कार्यान्वयन गर्न अवसर दिने ।
- बालबालिकाको लागी जोखिम निम्त्याउने अवस्थाहरु प्रति सचेत हुने र त्यसको न्युनिकरणको लागी आवश्यक कार्यहरू गर्ने ।
- बालबालिकासँग शैक्षिक गतिविधि सम्बन्धिकार्य गर्दा सकेसम्म प्रत्यक्ष भएर गर्ने,
- कार्यस्थलमा आफूले लगाउने पहिरनबारे ध्यान दिने । बालबालिकासँग कार्य गर्ने सम्बन्धित ब्यक्तिले आफ्नो जिम्मे वारीको काम गर्दा उचित पोषाक लगाउनु पर्ने ।
- बालबालिकाको संरक्षण वा हितसँग सम्वन्धित कुनै गुनासो वा समस्या भए आफ्नो विद्यालयमा गठित बाल क्लवका सदस्य, बाल संरक्षक सम्पर्क व्यक्ति वा प्रध्यानाध्यापक/प्रिन्सिपललाई खबर गर्ने ।
- गोपनियताको पालना गर्ने, यस नीति भन्दा बाहिर गएर वास्तबिकता वा शंकास्पद दुर्व्यवहारको कुनै पनि परिस्थितिवारे कुरा नगर्ने ।
- बालबालिका सामेल भएका कुनै कार्यक्रम वा भ्रमणको व्यवस्थागर्दा वा सहभागी हुदाँ भ्रमण कार्यक्रम सम्वन्धि बाल संरक्षणका आधारभूत कार्य सूची तयार गरी कार्यान्वयन गर्ने ।
- सकारात्मक कक्षा कोठा वातावरणको विकास गर्न एवं दुर्व्यवहार रोक्न शिक्षकलाई यस आचार संहिताको प्रयोग गर्न प्रेरित गर्ने साथै बाल संरक्षण सम्बन्धि सामाग्रीहरू अध्ययन गर्ने ।
- बालबालिकाको खोप, भिटामीन तथा पोषिलो आहारको लागी सम्वन्धित निकायसँग समन्वय गरि उचित व्यवस्थापन गर्ने गराउने ।
- वालबालिकाको जन्मदर्ता प्राप्तीको लागी अभिभावकलाई अभिप्रेरित गर्ने ।
- शारीरिक सक्षमता नभएका बालबालिकाहरू प्रति उचित, सम्मान जनक एवं समान व्यवहार गर्ने ।
- नेपाल सरकारको अनिवार्य शिक्षाको निती अनुरुप विद्यालय शिक्षाको लागी सम्बन्धित सबैमा पहल गर्ने ।
- पुर्वाधार विकास निर्माण कार्य गर्दा बालमैत्रि वातावरण लाई ख्याल राख्ने ।

## कहिल्यै गर्न नहुने

- बालबालिकालाई पिट्ने वा अन्य कुनै शारीरिक आक्रमण वा दुर्व्यवहार गर्ने ।
- जात, धर्म, परिवार, सम्प्रदाय र लैङ्गीकताको आधारमा भेदभाव गर्ने ।
- बालबालिकालाई खिसी गर्ने, अपमान गर्ने, होच्याउने वा उपनाम राखी बोलाउने ।
- बालबालिकाहरू प्रति फरक फरक व्यवहार गर्ने वा अन्य बाल बालिकालाई उपेक्षा गरी खास बालबालिकालाई समर्थन गर्ने ।
- अनुचित, अपमानजनक, चिढाउने, चित्त दुखाउने वा दुर्व्यवहार गर्ने किसिमका भाषाको प्रयोग गर्ने वा संकेत प्रयोग गर्ने ।
- अन्यलाई छाडेर कुनै निश्चित बालबालिकासँग एक्लै धेरै समय बिताउने ।
- बालबालिकासँग कुनै पनि तरिकाको दुर्व्यवहार देखिन आउने सम्बन्धको विकास गर्ने ।
- बालबालिकासँग अर्न्तरंग यौनसम्बन्ध विकास गर्ने ।
- १८ बर्ष मूनिका कसैलाई पनि कुनै पनि समयमा कुनै किसिमका यौनसँग सम्बन्धित सेवा गराउने पैसा दिने वा सहमतिमा यौन सम्बन्ध राख्ने ।
- बालबालिकालाई विद्युतिय वा अन्य कुनै रुपमा यौन सामाग्री वा अश्लील सामाग्री देखाउने ।
- गैरकानुनी, असुरक्षितवादुर्व्यवहार हुने कुनै पनि क्रियाकलापमा बालबालिकालाई भाग लिने अनुमति दिने ।
- बालबालिकासँग मदिरा, लागु औषध, धुम्रपान र मध्यपान सेवन गर्ने वा खरिद बिक्री ओसारपसार कार्य गर्ने वा गर्दा नदेखे जस्तो गर्ने ।
- बालबालिकासँग ईमेल, सामाजिक सञ्जाल, मोबाईल फोन वा अन्य सञ्चार माध्यम प्रयोग गरी सम्पर्क गर्नुपरेमा अनुचित व्यवहार गर्ने ।
- आफु वा अन्य बिरुद्ध गरिएका आरोपहरू सम्बन्धितमा खवर नगर्ने ।
- बालदुर्व्यवहारसँग सम्बन्धित कुनै पनि सूचना गोप्य राख्न सहमती हुने ।
- सामाजिक सञ्जालमा विद्यालयका गतिबिधि सम्बन्धित बिना पोष्ट गर्ने ।

(यो नै पूर्ण सूचीभने होईन । मुख्य कुरा यो हो कि कुनै पनि कर्मचारीले त्यस्ताकार्य वा व्यवहार गर्नु हुँदैन जसमा कमजोर अभ्यास वा सम्भवत दुब्यवहार वा अशिष्ट व्यवहार रहेको हुन्छ)